# मन्तव्य

लैगिंक हिंसाको इतिहास हेर्दा विश्वमा घटेका हिंसको स्वरुप लाई मध्येनजर गर्दै विभिन्न विशेष दिवस ( १९६० नोभेम्वर २५ मीरावल परिवारका ३ दिदी वहिनी, नोभेम्वर २९ अन्तराष्ट्रिय महिला मानव अधिकार सुरक्षा, डिसेम्वर १ विश्व एड्स दिवस, डिसेम्वर ६ मोन्ट्रेल डे नरसंहार तथा डिसेम्वर १० मानव अधिकार दिवस) को आधारबाट विश्वव्यापी रुपमा सन १९९१ देखि यो अभियान प्रत्येक वर्ष नोभेम्वर २५ देखि १० डिसेम्बर सम्म सम्पन्न हुन्छ। नेपालमा सन् १९९७ (वि.स २०५४ साल) देखि देशव्यापीरुपमा यो अभियान संचालन हुदै आएको छ। त्यसैगरि नेपाल सरकार मन्त्रिपरिषदको २०७५।०८।२ गतेको निर्णय अनुसार हरेक वर्षको मंसिर ९ गतेलाई महिला हिंसा विरुद्धको अभियान दिवसको रुपमा मनाउने निर्णय गरेको छ। यस अभियान विशेषत महिला र बालिका बिरूद्ध हुने सबै प्रकारको हिसां अन्तय गर्न विश्वभर रणनीतिक रूपमा व्यक्तिगत र संस्थागतरुपमा विभिन्न कार्यक्रमहरु गरी मनाउने गरिन्छ।

लैंगिक हिंसा विरुद्धको १६ दिने अभियानको उद्देश्य लैगिताको आधारमा हुने सवै प्रकारका हिसा, विभेद, कुरिती, अन्दविश्वास, अवराध, वहिस्करण र बञ्चितीकरणलाई अन्त्य गर्दै महिला र पुरुषवीच हुने गरेका सवै प्रकारका विभेद र असमानता हटाउने हो। बालबालीका, किशोरी, वहिस्क, वृद्धा, महिला र सवै लिंगका मानिस हरुलाई बीना भेदभाव सम्मानीत जिवन यापन गर्न सक्षम तुल्याउनु हो। यस वर्ष **Orange the World: Fund, Respond, Prevent, Collect,** को रुपमा लैगिंक हिंसा विरुद्धको दिवस विश्वभर मनाइरहेको छ। यस वर्ष नोभेम्बर २५ देखि डिसेम्बर १० (तदानुसार २०७७ मंसिर १० देखि मंसिर २५ गते) सम्म मनाईने लैंङिग हिंसा विरूद्धको १६ दिने अभियान अन्तर्गत नोभेम्बर २५ लाई महिला हिंसा विरुद्धको दिवसको रूपमा मनाउने नेपाल सरकारको निर्णयनुसार **“ लैङ्गिक हिंसा अन्त्यको प्रतिवद्धता: व्यक्ति,समाज र सबैको ऐक्यवद्धता”** भन्ने राष्ट्रिय नाराका साथ विभिन्न कार्यक्रमहरु गरी मनाउन लागेको छ।

लैगिंक हिंसा विरुद्धको १६ दिने अभियानलाई सफल बनाउनको लागि सर्म्पुण प्रदेश मन्त्रालय तथा सवै स्थानीय सरकारहरु, सरोकारवाला निकाय, निजी तथा गैरसरकारी संघ संस्थाहरुमा ह्रर्दिक आह्वान गर्दछु साथै सफलताको कमना गर्दछु।

धन्यवाद।

मंसिर १७, २०७७

माननीय मन्त्री नवलकिशोर शाह
सामाजिक विकास मन्त्रालय
प्रदेश नं २, जनकपुरधाम

Scanned with CamScanner